**दार्मा गाउँपालिका गाउँसभाको १३ औँ अधिवेशनमा**

**उपाध्यक्ष श्री जुना मल्ल चन्दज्यूद्धारा प्रस्तुत**

# आर्थिक बर्ष २०८०/८१ को

# बजेट

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

सभाका अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु।

१. गाउँपालिकाको यस सम्मानित गाउँसभा समक्ष गाउँपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक बर्ष २०८०/८१ को समग्र नीति तथा कार्यक्रम कार्यान्वायनको दस्तावेजको रुपमा यो बजेट प्रस्तुत गरिरहदा अत्यन्तै गर्वको महसुस गरेको छु।

२. नेपालको संविधानको धारा २३० बमोजिम दार्मा गाउँपालिकाको यस गाउँसभामा आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु। प्रस्तुत बजेटले उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, तथा सुशासन प्रवर्द्धनमा अहम भूमिका खेल्ने अपेक्षा राखेको छु।

३. यस महत्वपूर्ण अवसरमा संघीय शासन प्रणाली आत्मसाथ गर्दै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धिको लागि भएका जनआन्दोलन, जनयुद्ध र विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पन गर्दछु। यस क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिको स्वास्थ्य लाभको कामना सहित आन्दोलनमा सहभागी भई योगदान गर्नुहुने सम्पूर्ण योद्धाहरुको स्मरण गर्दै सबैमा उच्च सम्मान व्यक्त गर्दछु।

४. दार्माको कठिन भूगोल, सीमित स्रोत साधन, प्राकृतिक स्रोतको न्युन उपयोग, न्युन आन्तरिक राजश्व परिचालन तथा दक्ष प्राविधिक जनशक्तिको अभावमा उपलव्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन। सिमित स्रोतसाधनको महत्तम उपयोग गरी दार्माको बेरोजगारी, विपन्नता, न्युन उत्पादन लगायतका मुलभूत समस्याहरुको सार्थक समाधान गर्ने दिशामा बजेट केन्द्रित गरेको छु।

५. आगामी बर्षको बजेट तयार पार्दा सरकारको राष्ट्रिय अकाङ्क्षा, कर्णाली प्रदेश सरकारको को दिर्घकालीन सोच, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट जारी ऐन,दिगो बिकासका लक्ष्यहरुकानून तथा स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाको अर्थ विधेयक २०८०, विनियोजन विधेयक २०८०, दार्मा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८०/०८१,बिषयगत समितिका सुझाबहरु, विज्ञका सुझाबहरु, गाउँसभाका सदस्यज्यूहरुले दिनुभएका सुझाबहरु, संचारकर्मी, नागरिक समाज, विभिन्न राजनीतिक दलहरु, विभिन्न

संघसंस्था एवं सरोकारवालाको सुझाब र दार्माबासी दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त सुझाबलाई समेत आधार लिएको छु।

**सभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु।**

अब म गत आर्थिक बर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. गत आ व २०७८/०७९ मा कुल आय अनुमान रु ५० करोड ६९ लाख ६५ हजार गरिएकोमा यथार्थ आय रु ४३ करोड ६३ लाख ६९ हजार भएको भएको थियो। र कुल व्यय तर्फ ४१ करोड ११ लाख ७७ हजार अर्थात ८१.१० प्रतिशत भएको थियो।

७. चालु आ.व. २०७९/०८० को लागि कुल अनुमानित आय रु**. ५० करोड ०३ लाख २४ हजार ६ सय र व्यय तर्फ** रु**. ५० करोड ०३ लाख २४ हजार ६ सय**अनुमान गरिएको थियो। अनुमानित आयमा २०८० आषाढ पहिलो हप्तासम्म गाउँपालिकाले आन्तरिक आम्दानी रु.**२३ लाख ८५ हजार ८०५** (घरजग्गा रजिष्ट्रेसन) सहित प्राप्त भएको छ।

**८.** व्यय तर्फ चालु शिर्षकमा **रु. २८ करोड ६५ लाख ८३ हजार** ९९४ विनियोजन भएकोमा २०८० को अषाढ पहिलो हप्तासम्म रु. **२१ करोड ६९ लाख २० हजार २४३** अर्थात **७५ दशमलव ६९ प्रतिशत र** पुजिगत तर्फ रु**. २१ करोड ३७ लाख** ४० **हजार ६०६** विनियोजन भएकोमा २०८० को अषाढ पहिलो हप्तासम्म रु. **९ करोड ०२ लाख ९९ हजार ५६९** अर्थात **४२ दशमलव २४ प्रतिशत** गरी कुल जम्मा रु . **३० करोड ७२ लाख १९ हजार ८१२अर्थात ६१ दशमलव ४० प्रतिशत** खर्च भएको छ। गत आ.व. यहि समयमा कुल जम्मा खर्च ५१ दशमलव ५७प्रतिशत रहेको थियो।

**९.** २०८० आषाढ मसान्तसम्म संसोधित अनुमान आम्दानी तर्फ **रु. ४२ करोड ४० लाख २२ हजार** रहने अनुमान गरिएको छ। खर्चतर्फ चालुखर्च करिब **रु. २४ करोड ३५ लाख ९६** हजार र पुजिगत तर्फ **रु . १४ करोड ३२ लाख ६ हजार**तथा संघीय र प्रदेश सरकारको अनुदान रु. **३ करोड ५० लाख** फ्रिज जाने अनुमान गरिएको छ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु ।**

अब म आगामि वर्ष २०८०/०८१ को बजेटका अद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बजेटका उद्देश्यहरु निम्नअनुसार प्रस्तुत गरिएको छ ।

(क) दार्मा गाउँपालिकामा उत्पादन वृद्धि गर्दै गाउँमै रोजगारी सिर्जना गर्ने ।

(ख) कृषि क्षेत्रको उत्पादन, बजारीकरण गरी कृषकको आयस्तर सुधार गर्ने ।

(ग) प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययीता कायम गर्ने ।

(घ) आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रको दिगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ गाउँपालिका बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने ।

(ङ) उपलव्ध स्रोत साधन, श्रम शक्ति, पुँजी र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारी सिर्जना र गरिबि निवारण गर्ने ।

(च) विकास साझेदारसँगको निरन्तर सहकार्य मार्फत रोजगारीको अबसर सिर्जना गर्ने ।

(छ) चालु खर्च घटाइ मितव्ययीता कायम गर्ने ।

१०. आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नअनुसार प्रस्तुत गरिएको छ ।

१. कृषि तथा पशु विकास

२. सहकारी तथा रोजगारी प्रवर्द्धन

३. उद्यम विकास

४. शिक्षा युवा तथा खेलकुद विकास

५. स्वास्थ्य सेवा

६. लैङ्गिक समानता , महिला शसक्तिकरण र सामाजिक समावेशिकरण

७. पूर्वाधार विकास

८. सूचना प्रविधि र डिजिटल प्रयोग

९. पर्यटन तथा उद्योग वाणिज्य

१०. वन वातावरण र विपद व्यवस्थापन

११. कर्मचारी प्रशासन र जनशक्ति विकास

११. बजेटले राखेका उदेश्य एवं प्राथामिकता कार्यान्वायन गर्न संघीय सरकार, प्रदेश सरकार , अन्य स्थानीय तहहरु, निजी तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिने छ। वार्षिक बजेट तथा कार्यक्रमलाई बजेटका प्राथमिकता तथा उद्देश्यसँग तादाम्यता कायम गर्ने अधिकतम प्रयास गरिएको छ।

**सभाका अध्यक्ष एवं**

**गाउँसभाका सदस्यज्यूहरु।**

अब म आगामि आर्थिक वर्ष २०८०/८१ को कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१२. नीति तथा कार्यक्रम कार्यान्वायनका लागि आ.व. २०८०/८१को कुल व्यय रु. ४४ करोड ०४ लाख ७ हजार २०० रहेको छ। यसका लागि आन्तरिक आय रु.३५ लाख ( घरजग्गा रजिष्ट्रेसन तथा खानि जन्य खनिज पदार्थको बाँडफाँडबाट प्राप्त आय समेत ) , अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु. ३३ करोड ९८ लाख ४ हजार , केन्द्र तथा प्रदेश सरकारको राजश्व वाँडफाँडबाट रु. ८ करोड ११ लाख ३ हजार, अघिल्लो बर्षको बैक मौज्दातबाट रु. १ करोड६० लाख, प्राप्त हुने प्रक्षेपन गरिएको छ।

१३. अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने अनुमानित **रु . ११ करोड५० लाख**अन्तरसरकारी अख्तियारी शिर्षकबाटै खर्च तथा लेखांकनको व्यवस्था गरिने छ।

**अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु।**

**अधुरा योजनाहरुको निरन्तरता र भुक्तानी वाँकी**

१४. भुक्तानी वाँकी रहेको स्वंमसेवक शिक्षक, बालविकास र विद्यालय कर्मचारी, करार कर्मचारीको असार महिनाको तलब, जनप्रतिनिधिको जेठ र असारको सेवा सुविधा, चालु तर्फको अन्य कार्यक्रम र पुँजिगत तर्फ LISP सँगको साझेदारी आयोजना लगायतका आयोजनाहरुको भुक्तानी वाँकी भई दायित्व लिनुपर्ने एकमुस्ट रु. २ करोड५० लाख ९४ हजार बजेट विनियोजन गरिएको छ।

## आर्थिक विकास

### कृषि तथा पशु विकास

कृषि तथा पशुपंक्षी विकास तर्फ ८६ लाख ७० हजार वजेट विनियोजन भएको छ। जसतर्फ:

१५. कृषकलाई दुधमा अनुदान दिने नीतिलाई निरन्तरता दिदै यस बर्ष प्रतिलिटर दुधमा रु ३ रुपैया अनुदान दिनको लागि रु. ४ लाख बजेट विनियोजन गरिएको छ।

१६. कृषि एप्स निर्माण र संचालनको लागि रु ५ लाख बजेट व्यवस्थापन गरिएको छ।

१७. व्यवसायीक कृषक प्रोत्साहन कार्यक्रमको लागि रु ४ लाख विनियोजन गरिएको छ।

१८. पशुपंक्षीको औषधि खरिद र ढुवानीको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१९. ७५ प्रतिशत अनुदानमा तरकारी बालिको विउ वितरणको लागि रु ५ लाख विनियोजन गरिएको छ।

२०. ७५ प्रतिशत अनुदानमा खाद्यान्न बालीको उन्नत विउ वितरण कार्यक्रमको लागि रु ५ लाख २० हजार रकम विनियोजन गरिएको छ।

२१. खाद्यान्न बालीको विज प्रवर्दन कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

२२. आकस्मित बाली संरक्षण कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

२३. तेलहन बाली प्रवर्दन कार्यक्रमको लागि रु ५० हजार बजेट विनियोजन गरिएको छ।

२४. अदुवा/वेसार विउ भण्डारण सेट मर्मत संभार कार्यक्रमको लागि रु ४० हजार बजेट विनियोजन गरिएको छ।

२५. कृषक समुह व्यवस्थाप कार्यक्रमको लागि रु ३० हजार बजेट विनियोजन गरिएको छ।

२६. ५० प्रतिशत अनुदानमा च्याउको विउ वितरण कार्यक्रमको लागि रु ६० हजार विनियोजन गरिएको छ।

२७. २०७९/८० मा स्थापना भएका अदुवा/वेसार पकेट कार्यक्रमको निरन्तरताको लागि संघीय सरकार सशर्त अनुदान मार्फत रु ६ लाख बजेट विनियोजन भएको छ।

२८. किसान सूचीकरण कार्यक्रमको लागि संघिय सरकार सशर्त अनुदान मार्फत रु २ लाख ४९ हजार रकम विनियोजन भएको छ।

२९. कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रमको लागि संघीय सरकार सशर्त अनुदान मार्फत रु १ लाख विनियोजन भएको छ।

३०. दार्मा ३ फारुलाचौरमा प्रि फ्याव कोल्ड स्टोर निर्माण र संचालनको लागि कर्णाली प्रदेश सशर्त अनुदान मार्फत रु २० लाख विनियोजन भएको छ।

३१. कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रको लागि प्रदेश सशर्त अनुदान मार्फत रु ३ लाख ५० हजार विनियोजन भएको छ।

३२. प्रमुख वालीहरुमा वाली कटानी कार्यक्रमको लागि प्रदेश सशर्त अनुदान मार्फत रु २० हजार विनियोजन भएको छ।

३३. कृतिम गर्भाधान मिसन कार्यक्रमको लागि संघीय सशर्त अनुदन मार्फत १ लाख ८८ हजार बजेट विनियोजन भएको छ।

३४. महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रमको लागि संघीय सशर्त अनुदान मार्फत १ लाख विनियोजन गरिएको छ।

३५. इपिडिमियोलिजिकल रिपोर्टिङको लागि संघीय सशर्त अनुदान मार्फत आवश्यक वजेट विनियोजन भएको छ।

३६. गाउँपालिकाको भू उपयोग योजना तथा जग्गा वर्गिकरणको लागि आवश्यक बजेट विनियोजन भएको छ।

**उद्यम विकास तथा वित्तिय क्षेत्र**

उद्यम विकास तर्फ एकमुष्ट रु १९ लाख बजेट विनियोजन भएको छ।

३७. उद्यम विकास तर्फ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम तर्फ उद्यमीको स्तरउन्नती कार्यक्रमको लागि संघीय सशर्त अनुदान मार्फत २ लाख ४० हजार बजेट विनियोजन गरिएको छ।

३८. गरिबी निवारणको लागि नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमको लागि संघीय सशर्त अनुदान मार्फत ९ लाख २० हजार बजेट विनियोजन भएको छ।

३९. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिशपर्धा वृद्दि गर्नका लाग प्रविधि हस्तान्तरण कार्यक्रमको लागि संघीय सरकार शशर्त अनुदान मार्फत १ लाख ४० हजार बजेट विनियोजन गरिएको छ।

४०. मसला उद्योग, दुना टपरी उद्योगर सल उद्योग, होजियारी उद्योग संचालनको लागि एकमुष्ट रु ५लाख बजेट विनियोजन गरिएको छ।

४१. गाउँपालिकाको आर्थिक सर्वेक्षण, आर्थिक योजना निर्माणको लागि आवश्यक बजेट विनियोजन भएको छ।

## श्रम रोजगारी र गरिबी निवारण

४२. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ कर्मचारीको तलब भत्ता समेत एकमुष्ट ८७ लाख ८० हजार बजेट विनियोजन भएको छ। जसमध्ये रोजगारी सिर्जना कार्यक्रमको लागि संघीय सशर्त अनुदान मार्फत ३४ लाख ८० हजार बजेट विनियोजन भएको छ।

४३. युवा रुपान्तरणको लागि पहल परियोजनाको अन्तरगत रोजगारी सिर्जना कार्यक्रमको लागि संघीय सरकार सशर्त अनुदान मार्फत २३ लाख ३ हजार बजेट विनियोजन भएको छ।

४४. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालनको लागि संघीय सरकार सशर्त अनुदान मार्फत रु ६० हजार वजेट विनियोजन भएको छ।

४५. मुख्यमन्त्रि रोजगार कार्यक्रम अन्तरगत प्रदेश सशर्त अनुदान मार्फत प्रत्येक वडामा १५ लाखको दरले ६ वटा योजनाको लागि कुल ९० लाख बजेट विनियोजन भएको छ।

४६. जसअन्तरगत ठूलाखेत मसानघाट सिंचाइकुलो निर्माण दार्मा १, बालकल्यान मा वि भुवनटाकुरी घेरबार तथा तारजाली निर्माण योजना दार्मा २, फारुला बजार भित्र सडक बाटो मर्मत योजना दार्मा ३, फारुला मौलाहाल्ने जाने मुख्य सडकदेखी वडा कार्यालय सम्म जाने सडक स्तरउन्नती दार्मा ४, वडा कार्यालय घेरबार सहित प्रतिक्षालय निर्माण दार्मा ५(जसलाई सामुदायीक स्वास्थ्य ईकाइ कागुनोहाल्ने भवन निर्माण)को नाममा रकमान्तर हुने छ। र तल्लो साङ्टाहुदै स्यालाखेत सौरेसम्म सिंचाइकुलो निर्माण दार्मा ६, आयोजनाहरु कार्यान्वयन हुने छ।

## सामाजिक विकास

## शिक्षा विकास

४७. यस बर्ष शिक्षा तर्फ संघीय सशर्त अनुदान समेत गरी १२ करोड ९७ लाख ९४ हजार बजेट विनियोजन भएको छ।

४८. घट्दो संघीय अनुदान, गाउँपालिकाको खर्चको आवश्यकता र न्युन राजश्व संकलनको अवस्थालाई मध्येनजर गर्दै यस वर्ष स्वंमसेवक शिक्षकतथा विद्यालय अनमीको तलव ५प्रतिशतले घटाई  मावि को २१८५०, निमावि को १९९५० प्राविको शिक्षक १९००० र विद्यालय अनमीको तलव १६६३० ले हुन आउने रकम एकमुष्टरु. १ करोड २७लाख ९४ हजार बजेट विनियोजन गरिएको छ।

४९. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई दिईदै आएको अनुदान लाई निरन्तरता दिनको लागि ४० लाखबजेट विनियोजन गरिएको छ।

५०. कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माणको लागि २ लाख बजेट विनियोजन गरिएको छ।

५१. कक्षा ४-९ परिक्षा संचालन र व्यवस्थापनको लागि रु ५ लाख  बजेट वनियोजन गरिएको छ।

५२. विद्यालय लेखांकण प्रणाली (SAS) कार्यान्वयनको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

५३. शैक्षिक वुलेटिन तयारीकार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

५४. अनाथ बालबालिकासँग अध्यक्ष कार्यक्रम संचालनको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

५५. शहिद सन्तति, गरिब तथा जेहन्दार विद्यार्थिको लागि छात्रवृत्ति कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

५६. CTEVT को मापदण्ड बमोजिम सामुदायीक विद्यालयमा प्राविधिक शिक्षा संचालन अनुदानको लागि संघीय सशर्त अनुदान मार्फत रु १४ लाख बजेट विनियोजन भएको छ।

## युवा तथा खेलकुद

५७. यस बर्ष युवा तथा खेलकुद तर्फ संघीय सशर्त अनुदान मार्फत २१ लाख बजेट विनियोजन भएको छ।

५८. शहिद स्मृती कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सचालनको लागि एकमुष्ट रु १० लाख बजेट विनियोजन भएको छ।

५९. युवा क्लव गठन तथा नमुना संसद अभ्यास कार्यक्रमको लागि संघीय सशर्त अनुदान मार्फत ४ लाख ५० हजार बजेट विनियोजन भएको छ।

६०. युवा स्वंमसेवक विकास र परिचालनको लागि संघीय सशर्त अनुदान मार्फत ३ लाख बजेट विनियोजन भएको छ।

६१. खेल प्रशिक्षकको व्यवस्थापनको लागि विद्यालयलाई अनुदान कार्यक्रमको लागि रु २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

६२. युवा मैत्री स्थानीय शासनको लागि युवाको मुद्दामा बहस पैरवी कार्यक्रममा संघीय सशर्त अनुदान मार्फत २ लाख ५० हजार बजेट विनियोजन भएको छ।

६३. स्काउट प्रशिक्षण तथा व्यवस्थापनको लागि रु ५० हजार बजेट विनियोजन गरिएको छ।

**स्वास्थ्य सेवा**

६४. यस बर्ष संघीय सशर्त अनुदान, प्रदेश सशर्त अनुदान समेत गरी जनस्वास्थ्य तथा पोषण कार्यक्रम तर्फ कुल २ करोड ६८ लाख २३ हजार बजेट विनियोजन भएको छ।

६५. आधारभूत स्वास्थ्यसेवा तथा आयुर्वेदिक  औषधि खरिदको लागि आवश्यक बजेट विनियोजन भएको छ।

६६. गर्भाअवस्थामा प्रोटोकल अनुसार चेकजाँच गराउने आमाहरुको  कार्यक्रम संचालनको लागि रु ४ लाख विनियोजन गरिएको छ।

६७. जेष्ठनागरिक लक्षित आँखा शिविर संचालनको लागि रु ६ लाख बजेट बिनियोजन गरिएको छ।

६८. स्वास्थ्य विमा सचेतना कार्यक्रम, स्वास्थ्य प्रोफाइल तयारी, स्वास्थ्य स्वंमसेविकाको लागि सामाग्रि व्यवस्थापन, eLMISतालिम संचालन लगायतको कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**खानेपानी तथा सरसफाई**

६९. यस बर्ष खानेपानी तथा सरसफाईको ठुला आयोजना निर्माणको लागि दिगो खानेपानी तथा सरसफाई योजना (SUSWA) साझेदारी गरिने छ।

७०. वडा नं १ देखी ६ सम्मको खानेपानीको ठुला आयोजना निर्माणको लागि एकमुष्ट २ करोड ३३ लाख ६ हजार बजेट विनियोजन गरिएको छ।

७१. अन्धनासक आधारभूत विद्यालयको शौचालय निर्माण, जनकल्यान स्कुल शौचालय निर्माण योजना भालुमारे, बालज्ञानोदय स्कुल शौचालय निर्माण काफलगैरा, विश्वेश्वर प्रसाद आधारभूत विद्यालय शौचालय निर्माण, लक्ष्मी आधारभूत विद्यालय ज्यामिरेचौर शौचालय निर्माणको लागि प्रति योजना लागि ११ लाख १ हजार को दरले ५५ लाख ५ हजार बजेट विनियोजन भएको छ।

७२. खानेपानी तथा सरसरफाई सम्बन्धी अभिमूखिकरण, मर्यादित महिनामारी, खानेपानी सुरक्षा योजना निर्माण, निजिक्षेत्रसँगको सहकार्य, गुणासो सुनुवाई, योजना निर्माण सँग सम्बन्धित मिस्तिहरुको तालिम, वास कमिटि गठन लगायत वासको जनशक्ति व्यवस्थापनको लागि संघीय सशर्त अनुदान मार्फत रु २ करोड ३२ लाख ९४ हजार बजेट विनियोजन भएको छ।

७३. उपभोक्तासँग ५० प्रतिशत साझेदारीमा लिफ्ट खानेपानी आयोजनाको सोलार, मोटर, इन्भर्टर जडानको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

**महिला बालबालिका सामाजिक संरक्षण र समावेशिकरण**

लक्षित वर्गको कार्यक्रम तथा सामाजिक संरक्षण कार्यक्रम संचालनको लागि एकमुष्ट रु १३ लाख बजेट विनियोजन भएको छ।

७४. दलित समुदाय उत्थान र क्षमता विकास तथा दिवसीय कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन गरिएको छ।

७५. नारी दिवस, लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान, नारी दिवस तथा बाल दिवस जस्ता दिवसीय कार्यक्रम संचालनको लागि रु १ लाख ५० हजार बजेट विनियोजन भएको छ।

७६. लैङ्गिक तथा घरेलु हिंसा तथा बालविवाह न्युनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालनको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

७७. शहिद परिवार विशेष कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

७८. जेष्ठ नागरिक तथा दिर्घ रोगि भेटघाट कार्यक्रम संचालनको लागि रु ५० हजार बजेट विनियोजन गरिएको छ।

७९. अपाङ्ग विशेष कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

८०. जनजातीको आयआर्जन सुधार ल्याउन सिपमुलक तथा व्यवसायमुलक तालिम तथा सामाग्रि हस्तान्तरण कार्यक्रमको लागि रु १ लाख बजेट विनियोजन गरिएको छ।

८१. गरिब तथा असाहय दिर्घ रोगि औषधि उपचार खर्चको लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ।

## पूर्वाधार विकास

### सडक पुल तथा यातायात

८२. सडक सरसफाई, साना आयोजनाहरु निर्माण तथा मर्मतसंभारको लागि मर्मत संभारकोषमा रु ८० लाख बजेट विनियोजन गरिएको छ।

८३. ठुला आयोजना संचालनको लागि वातावरणीय प्रभाव मुल्यांकन (EIA ) वातावरणीय प्रभाव परिक्षण (IEE) र विस्तृत अध्ययन प्रतिवेदन प्रतिवेदन तयार(DPR) गरी दिगो तथा हरित विकास नीति कार्यान्वायन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

८४. पालिकाको मेशिन प्रयोग गरी सडक निर्माण तथा स्तरउन्नतीको आवश्यक इन्धनको २२ लाख बजेट बिनियोजन गरिएको छ।

८५. जलखर्क भालुमारे आल भालुखोला भैयासथान सम्म सडक निर्माण योजना दार्मा ५ को लागी प्रदेश सशर्त अनुदान मार्फत रु १५ लाख बजेट विनियोजन गरिएको छ।

८६. विष्टगाउँ पानीचौर ठानागाउँ पाजाखोला सडक निर्माणको लागि प्रदेश सशर्त अनुदान मार्फत रु २० लाख बजेट विनियोजन गरिएको छ।

८७. साजडाँडा झ्यारीबाङ सिलिङ्गे सस्पेन्सन पुलको लागि संघीय सशर्त अनुदान मार्फत ३९ लाख बजेट विनियोजन गरिएको छ।

८८. खेलकुद पूर्वाधार निर्माण वडा नं ६ को लागि संघीय सशर्त अनुदान मार्फत रु १३ लाख बजेट विनियोजन भएको छ।

### उर्जा तथा विद्युत

८९. नविकरणीय उर्जा प्रविधि जडानको लागि संघीय सशर्त अनुदान मार्फत रु १० लाख बजेट विनियोजन भएको छ।

### भवन तथा आवास

९०. गाउँपालिकाको प्रशासकीय भवन क्रमागत रुपमा सम्पन्न गर्न यस बर्ष रु ५० लाख विनियोजन गरिएको छ।

९१. वडा नं १ को वडा कार्यलय भवन क्रमागत निर्माणको लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ।

९२. जनकल्यान आ वि भालुमारे विद्यालय भवन निर्माणको लागि संघीय विशेष अनुदान मार्फत १ करोड विनियोजन भएको छ।

९३. निर्माणाधिन १५ शैय्या अस्पतालको भुक्तानी वाँकीको लागि संघीय सशर्त अनुदान मार्फत ३९ लाख बजेट विनियोजन भएको छ।

९४. जनज्याती प्रा वि साङ्ट भवन निर्माणको लागि प्रदेश विशेष अनुदान मार्फत ४० लाख बजेट विनियोजन भएको छ।

९५. नेपाल राष्ट्रिय मा वि ढाकाडमकोट भवन निर्माणको लागि गाउँपालिका र प्रदेश समपुरक अनुदान मार्फत १ करोड ५० लाख बजेट विनियोजन भएको छ।

९६. बालकल्यान मा वि भुवनटाकुरी भवन निर्माणको लागि गाउँपालिका र प्रदेश समपुरक अनुदान मार्फत १ करोड ५० लाख बजेट विनियोजन भएको छ।

## वन वातावरण र विपद व्यवस्थापन कला संस्कृती संरक्षण र पर्यटन

९७. विपदको लागि राहत तथा औषधिउपचारको लागि आर्थिक सहयोग प्रदान गर्न रु ५ लाख बजेट व्यवस्था गरिएको छ।

९८. नर्सरी र गार्डेन व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन भएको छ।

९९. दार्माको कला संस्कृती संरक्षण र पर्यटन विकासको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## क्षमता विकास र संस्थागत सुशासन

१००. वडा कार्यालयहरुको प्रशासनीक खर्च व्यवस्थापनको लागि प्रतिवडा ३ लाख १५ हजारको दरले एकमुष्ट रकम रु १८ लाख ९० हजार बजेट विनियोजन गरिएको छ।

१०१. गाउँपालिकाको खर्च र राजश्व क्षमता समेतलाई मध्येनजर गरी यस वर्ष गाउँपालिकाको करार कर्मचारीहरुमा श्रेणिविहिन कर्मचारीहरुको तलव २० प्रतिशत र अन्य कर्मचारीहरुको तलब २८ प्रतिशतले घटाइ तलब समायोजन गरिएको छ।

१०२. हालसम्म कार्यरत स्वंमसेवक कर्मचारीहरुको एकमुष्ट करार सम्झौता गरी मासिक पारिश्रमिक भुक्तानीको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

१०३. संघीय तथा प्रदेश अनुदान र गाउँपालिकाको साझेदारीमा पारिश्रमिक पाउने कर्मचारीको हकमा गाउँपालिकाले व्यहोर्ने दायित्वमा सोही दरले पारिश्रमिक कटौती हुनेगरी बजेट व्यवस्थापन गरिएको छ।

१०४. यस बर्षदेखीकार्यालय सहयोगीको तलव १६३८०, हलुका सवारी चालकको १८५००, हेभि सवारी चालकको (इन्सेन्टिभ बाहेक) १३४००, चौथो तह(अनमी/अहेव लगायत) १९८८०, पाँचौ (रेडियोग्राफर) को तलव २२७८०, छैटौँ (इन्जिनियर ) को ३१८९०, अधिकृत आठौँ (मेडिकल अधिकृत)को ७४०३०को दरले हुन आउने आवश्यक बजेट विनियोजन गरिएको छ।

१०५. सार्वजनिक सुनुवाई तथा जनतासँग गाउँसरकार कार्यक्रमको लागि रु ८ लाख बजेट विनियोजन गरिएको छ।

१०६. डिजिटल नागरिक वडापत्र निर्माणको लागि ५ लाख बजेट विनियोजन गरिएको छ।

१०७. जनप्रतिनिधि कर्मचारी तथा विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास तालिम संचालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१०८. उपभोक्ता समिति तथा टोल विकास सस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम संचालको लागि २ लाख बजेट विनियोजन गरिएको छ।

**अन्य संस्थासँगको सहकार्य**

१०९. ROOM TO READ सँगको सहकार्यको लागि रु १६ लाख बजेट विनियोजन गरिएको छ ।

११०. दिगो खानेपानी तथा सरसफाइ आयोजना SUSWA सँगको साझेदारीको लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

१११. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP पाइलट कार्यक्रम सँग साझेदारीको लागि रु १ करोड बजेट वनियोजन भएको छ।

अन्त्यमा,

बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु , विषयगत समितिहरु, विज्ञ महानुभावहरु, राजनीतिक दलका प्रतिनिधि तथा संचारजगत, नागरिक समाज, विकास साझेदार लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदिबहिनी एवं बजेट निर्माणमा अरोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।।